# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पातिचौर, पर्वत

**मोदी गाउँपालिका क्षेत्र भित्र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायत दहत्तर बहत्तर) को उत्खनन तथा निकासी सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना ।**

**प्रथम पटक सुचना प्रकाशन मिति २०७७/०५/२९**

गण्डकी प्रदेश, पर्वत जिल्ला मोदी गाउँपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | मोदी गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर पर्वत |
|---|---|
| प्रस्तावको व्यहोरा | मोदी गाउँपालिकाको पातिखोला र रतिखोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायत दहत्तर बहत्तरको उत्खनन, बिक्री तथा निकासी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी कार्य, २०७७ |
| प्रभाव पर्न सक्ने क्षेत्र | पर्वत जिल्ला, मोदी गाउँपालिका (वडा नं. २,३,४,५,६ र ८) |

माथि उल्लिखित प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली , सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बिच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न मोदी गाउँपालिका वडा नं. २,३,४,५,६ र ८ का वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायका उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मोदी गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर पर्वत<br>info@modimun.gov.np फोन नं. ०६७-४१०१६४ |
| परामर्शदाताको नाम र ठेगाना | रचनात्मक ईन्जिनियरिङ कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. |

**प्रमुख प्रशासकीय अधिकृत**